का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १५६
- ६ साउन २०७८, बुधबार
- 21 July 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



मंगलबार बानेश्वरमा नेकपा एमाले निकट युवा संघ नेपालले निकालेको बाँदर जुलुस । युवा संघका कार्यकर्ता अनुहारमा बाँदरको मुकुण्डो सहित प्रदर्शनमा निस्किएका थिए । तस्वीर: पहिलो पोष्ट


# अडिए ओली

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

सर्वोच्च अदालतको परमादेश पछि सत्ताबाट बाहिरिएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल सहितका नेताहरु प्रति गम्भीर आलोचनामा उत्रिएका थिए । २९ असारमा नेपाली काँग्रेसका सभापति शेबरहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि बालकोट फर्किएका ओलीले माधव नेपाललाई गद्दारकै आरोप लगाएका थिए । ओलीले स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक गरी कारबाही गर्ने संकेत दिएका थिए ।

सोमबार ललितपुरको च्यासलमा शुरु भएको केन्द्रीय कमिटी बैठक उद्घाटनका क्रममा पनि ओलीले माधव नेपाल सहितको एमाले संभव नरहेको बताएका थिए । त्यसै दिन माधव नेपाल सहित २२ सांसदलाई २४ घण्टे स्पष्टिकरण समेत सोधियो । तर २४ घण्टा बितेपनि ओलीले थप कारबाही गरेनन् । बरु मंगलबारको बैठकले १० बुँदे सहमतिलाई कार्यान्वयन गर्दै आन्तरिक एकताका लागि अन्तिम समयसम्म प्रयास गर्ने निर्णय गरेको छ ।

एमाले नेतृत्वको सरकारको समीक्षा, पार्टी कामको योजना र विधान महाधिवेशनबाट छलफल केन्द्रीत भएको



नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिने माधव नेपाल सहित २२ नेता माथि चर्को आरोप लगाइरहेका अध्यक्ष केपी शर्मा ओली मंगलबार भने अडिएका छन् ।

मंगलबारको बैठकमा सातै प्रदेशका प्रमुखहरुले रिपोर्टिङ गरेका थिए । अर्थात् २४ घण्टे स्पष्टिकरणबारे भने मंगलबारको बैठकमा थप कुनै निर्णय हुन सकेन । माधवकुमार नेपालसहित २२ सांसदलाई स्पष्टीकरण सोधेको एमालेले पत्र पुगेको २४ घण्टापछि मात्रै त्यसबारे निर्णय गरिने नेता प्रदीप ज्ञवालीले बताए ।

उनका अनुसार पार्टीको विवाद समस्या समाधान कार्यदलका संयोजक सुवास नेम्वाङले २७ असारमा भएको १० बुँदे सहमतिको पृष्ठभूमि र कार्यान्वयनका चरणबारे ब्रिफिङ गरेका थिए । उक्त सहमतिलाई सोमबारको बैठकले अनुमोदन गरिसकेको छ ।

बैठकमा भूमि व्यवस्था आयोगका अध्यक्ष देवी ज्ञवालीले सुकुम्बासी समस्या समाधानका लागि स्थानीय तहसँग सम्झौता भई कार्य भइरहेको स्थितिमा सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा आफूहरुलाई हटाएमा उचित नहुने बताएका थिए ।

ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी सो पार्टीको १०औं केन्द्रीय कमिटी बैठकमा ओली नेतृत्वको निवर्तमान सरकारका उपलब्धि, सर्वोच्च अदालतको असार २८ गतेको फैसला, पार्टीको आगामी कार्ययोजना, सुदृढीकरण र शुद्धीकरण अभियानलगायतका विषय कार्यसूची रहेका छन् । अर्को बैठक बुधबार दिउँसो ३ बजे पुनः बस्नेछ ।

# सत्ता समीकरणको अलमल

पाँच दल र त्यो भन्दा बढी घटकका सांसदहरुबाट विश्वासको मत पाएका प्रधानमन्त्री शेरबहादुर देउवा सत्ता समीकरण मिलाउन नसक्दा पाँच सदस्यीय मन्त्रिपरिषद्लाई पूर्णता दिन सकिरहेका छैनन् । तर राजनीतिक दौडधुप बने बाक्लो छ ।



प्रधानमन्त्री शेरबहादुर देउवा मंगलबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहित नेताहरुसँग । तस्वीर: रोशन सापकोटा

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

प्रतिनिधिसभाबाट आइतबार विश्वासको मत पाएका प्रधानमन्त्री शेरबहादुर देउवा मन्त्रिपरिषद् पूर्णता दिने प्रयत्नमा छन् । तर ६१ सांसद रहेको नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता समीकरण मिलाउन सकस परिरहेको छ । राजनीतिक भेटवार्ता बाक्लो देखिनुले पनि देउवालाई मन्त्रिपरिषद् बिस्तार सजिलो भइरहेको छैन ।

प्रधानमन्त्री देउवाको भेटवार्ता भने बाक्लो छ । प्रधानमन्त्री बनेपछि देउवा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निवास धाइरहेका छन् । उसोत माधव नेपालको निवासमा नेताहरु पुग्ने क्रम बाक्लो छ । मंगलबार मात्रै माधवकुमार नेपालसँग भेटवार्ता गर्न माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादव कोटेश्वर पुगेका थिए ।

कोटेश्वर पुगेका प्रचण्ड र यादवले माधव नेपालसँग सत्ता समीकरण लगायत विषयमा छलफल भएको बताइएको छ । जसपाका कार्यकारिणी समितिका सदस्य मोहम्मद इस्तियाक राईले राजनीतिक विषयमै कुराकानी गरेको बताए । माधव नेपाल र प्रचण्ड बीच भने झण्डै एक घण्टा बाँकी पृष्ठ २ मा

# काँग्रेस महाधिवेशनमा डिजिटल भोटिङ

१६-१९ भदौंमा तय भएको नेपाली काँग्रेसको चौधौं महाविधेशनमा डिजिटल भोटिङ हुने निश्चितता भएको जनाइएको छ ।

**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

संवैधानिक बाध्यताका कारण भदौमा महाधिवेशन गराउनैपर्ने बाध्यतामा रहेको नेपाली काँग्रेको चौधो महाधिवेशनको रौनक बढेको छ । उम्मेद्वारी घोषणा, क्रियाशील सदस्यता वितरण देखि नेताहरुको भेटवार्ता बाक्लिएको छ । कतिपयले भने अझै महाधिवेशनमा हुने आशंका गरिरहेका छन् । तर काँग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले भने महाधिवेशन तोकिएकै मितिमा हुने दावी गरिरहेका छन् ।

यसपटक काँग्रेस प्रत्यक्ष निर्वाचित पदाधिकारी प्रणालीमा जाने भएको छ । एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्रीको निर्वाचन प्रत्यक्ष हुनेछ । यसले उम्मेद्वारको संख्या पनि बढेको छ । सँगै काँग्रेसले यसपटक क्रियाशील सदस्यता पनि बढाएको छ । नौ लाख बढी क्रियाशील सदस्यबाट चुनिएर आउने प्रतिनिधिहरुले काँग्रेस नेतृत्व चयन गर्नेछ ।

काँग्रेसको यसपटकको महाधिवेशनमा 'डिजिटल भोटिङ' को आफ्नै आन्तरिक प्रविधिको विकास र सुनिश्चितता गरेको जनाइएको छ । कांग्रेसको केन्द्री सूचना, सञ्चार तथा प्रचार विभागले पार्टीले आवश्यक ठहर गरेर निर्णय गरेको अवस्थामा हालै उक्त प्रविधिको विकास गरेको हो ।

यस प्रविधिमार्फत सबै जिल्ला पार्टी कार्यालयमा उपस्थित भएर प्रदेश अधिवेशन र महाधिवेशनका प्रतिनिधिले मतदान गर्न सक्ने व्यवस्था गरिएको विभागका सचिव दिनेश थापा मगरले बताए । प्रविधिमार्फत पार्टीको आगामी १४औं महाधिवेशनमै केन्द्र र सबै प्रदेशको निर्वाचनसम्बन्धी सबै प्रक्रिया बाँकी पृष्ठ २ मा

# नेपालीलाई यूएई प्रवेशमा अनिश्चितकालीन प्रतिबन्ध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन

यूएईले नेपाललाई कोरोना संक्रमणको उच्च जोखिम भएको देशको सूचीमा यथावत राखेको छ । यूएईको नागरिक उड्डयन प्राधिकरण (जीसीएए)ले आइतबार नयाँ नियम जारी गर्दै नेपाललाई 'रेड जोन'मै राखेको हो ।

यससँगै नेपाली नागरिकलाई यूएईले आफ्नो देश प्रवेशमा लगाएको यात्रा प्रतिबन्ध अनिश्चितकालका लागि लम्बिएको छ । जीसीएएले अर्को सूचना जारी नभएसम्म प्रतिबन्ध कामय रहने जानकारी दिएको छ ।

यूएईले नेपालसहित १६ वटा देशलाई 'रेड जोन'मा समावेश गरेको छ । यूएईले नेपालसहित भारत, बंगालादेश, पाकिस्तान, श्रीलंका, लाइबेरिया, नामिबिया, अफगानस्तान, सिएरा लिओन, गणतान्त्रिक कंगो, इण्डोनिसया, युगान्डा, जाम्बिया, भियतनाम, नाइजेरिया र दक्षिण अफ्रिकाका नागरिकलाई पनि आफ्नो देश प्रवेशमा प्रतिबन्ध लगाएको हो ।

तर कुटनीतिक नियोग प्रतिनिधि, आपतकालिन स्वास्थ्यकर्मी, गोल्डेन भिसावाहकको सन्दर्भमा भने यो नियम लागू हुने छैन ।

यसअघि उसले २१ जुलाइसम्म नेपाली यात्रुलाई आफ्नो देश प्रवेशमा रोक लगाएको थियो । तर नेपाललाई अझै पनि कोरोनाको उच्च जोखिममा राखेपछि नेपाली कामदारहरु यूएई जान बञ्चित भएका छन् । नेपाली कामदारका लागि प्रमुख रोजगार गन्तब्यमध्ये यूएई पनि एक हो ।

सरकारले कोरोनाविरुद्धको खोपको उचित व्यवस्थापन गर्न नसक्दा कोरोना संक्रमण पनि अपेक्षितरुपमा कम भएको छैन । जसका कारण नेपाली कामदारको रोजगार गन्तब्य मुलुकहरुले नेपाललाई हेर्ने दृष्टिकोण पनि फरक बनाएको छ ।

हाल अमेरिकी सरकारले उपलब्ध गराएको कोरोनाविरुद्धको जोन्सन एण्ड जोन्सन कम्पनीको खोप अभियान शुरु भएको छ । जसअन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारहरुलाई पनि खोप लगाउन दिइएको छ । तर खोप केन्द्रबारे पर्याप्त जानकारी नहुँदा कामदारहरुले सहजरुपमा खोप लगाउन पाएका छैनन् ।

अधिकांश खाडी लगायतका रोजगार गन्तब्य मुलुकले आफुले अनुमति दिएको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोभिड खोप लगाएका व्यक्ति साउदी जान पाउने

काठमाडौं/रासस- साउदी अरेबियाले कोभिड १९ का विरुद्धको खोप लगाएका व्यक्तिलाई आफ्नो देशमा आउन पाउने अनुमति दिएको छ । कोभिड खोप दुवै मात्रा लगाएका व्यक्तिलाई मात्र देश भ्रमणको अनुमति दिइने निर्णय साउदी अरेबियाको सरकारले गरेको बताइएको छ ।

यसअघि साउदी अरेबियाले विभिन्न देशहरुबाट यात्रा प्रतिबन्ध लगाएको थियो । साउदी अरेबियामा पनि पछिल्लो समयमा कोभिडको नयाँ भेरिएन्ट भेटिएकोले धेरै मानिसहरु संक्रमित हुन पुगेका छन् । त्यसैले कैयौं देशबाट यात्रामा प्रतिबन्ध लगाएको साउदी अरेबियाले अहिले भने कोभिडको दुवै खोप लगाएका व्यक्तिलाई साउदी अरेबिया जान पाउने गरी खुला गरेको हो ।

त्यहाँका आन्तरिक मामिलासम्बन्धी मन्त्रालयले सोमबार सो निर्णय गरेको हो । सो मन्त्रालयले कोभिडका विरुद्धको सतर्कताको एक अभियानका रुपमा यो नियम बनाएको हो । साउदी बाँकी पृष्ठ २ मा

**तु- आवश्यकता**

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

| सि.नं. | आवश्यक पद | संख्या |
|---|---|---|
| १. | Receptionists | २ महिला |
| २. | Documentation Officer | ३ महिला/पुरुष |
| ३. | Kitchen Assistant | १ महिला |

नोटः +२ पास, कम्प्युटरमा दक्ष र सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।

**Lulu International Pvt. Ltd.**
Samakhusi- 29, Town Planning, Kathmandu
Tel: 4350151, 4351637, 4387319
Mob. : 9851083549,9841301232, 9818065184
Email: info@luluintl.com
Govt. Lic. No. 1035/072/73

**ROMANIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ANDVIS IMOB SRL  शहर : BUCHAREST
पूर्व स्वीकृत मितिः २०७८/०३/२७  चलानी नं.: ६०१६०३६३  LT. No.: 242323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ७७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 10 | 0 | | 650 | ७७,६७५ | | | | | | | |
| 3. | Mason | 10 | 0 | | 650 | ७७,६७५ | | | | | | | |
| 4. | Kitchen Helper | 10 | 10 | | 550 | ६५,७२५ | | | | | | | |
| 5. | General Worker | 50 | 10 | | 550 | ६५,७२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**The Global Recruitment Agency Pvt.Ltd.**
बसुन्धारा -१०, टोखा नगरपालिका काठमाडौं, नेपाल, फोन: ०१-४३६५१२६४, ४३६५९८३, मो.: ९८६५०७३११२
Email: document.tgra@gmail.com
Govt. Lic. No.: 1253/074/075

# कक्षा १२ को परीक्षा साउन ३१ गतेदेखि सञ्चालन हुने




**काठमाडौं/मस**-राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले यही साउन ३१ गतेदेखि कक्षा १२ को परीक्षा सञ्चालन गर्ने भएको छ। यही साउन ३१ गतेदेखि भदौ ९ गतेसम्म भौतिकरूपमै परीक्षार्थीलाई उपस्थिति गराएर परीक्षा सञ्चालन गर्ने बोर्डको मंगलबार बसेको बैठकले निर्णय गरेको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए।

बोर्डको बैठकले सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्ड अपनाएर कोभिड-१९ बाट सुरक्षित हुँदै आफू अध्ययन गरेको विद्यालयमा भौतिकरुपमा परीक्षा दिने गरी विद्यालयमा परीक्षा केन्द्र (होम सेन्टर) निर्धारण गरेको छ। कक्षा १२ मा परीक्षाको तयारीमा रहेका करिब तीन लाख ८६ हजार विद्यार्थीका लागि बोर्डले देशभरमा चार हजार ३१० परीक्षा केन्द्र निर्धारण गरेको छ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी)ले सर्तसहित परीक्षा सञ्चालनलाई अनुमति दिएपछि बोर्डको बैठक भौतिक उपस्थितिमा होम सेन्टरमा परीक्षा सञ्चालनको निर्णय गरेको उनले जानकारी दिए। बोर्डले गत जेठमा सञ्चालनको तयारी गरेको परीक्षा कोभिड-१९ को संक्रमण उच्च भएपछि सरकारले गरेको निषेधाज्ञाका कारण परीक्षा स्थगित भएको थियो। यसअघि गत वर्ष बोर्डले ४० प्रतिशत मूल्यांकनका लागि परीक्षा लिएको थियो भने यस वर्ष शतप्रतिशत नै परीक्षा लिने भएको छ। परीक्षा गाईजात्रा र जनैपूर्णिमाको बिदाबाहेक शनिबार पनि सञ्चालन हुने भएको छ।

# आज बिपी स्मृति दिवस



**काठमाडौं/मस**- प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गरी ३९ औं स्मृति दिवस आज मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ। नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गरेका कोइरालाको विसं २०३९ साउन ६ गते निधन भएको थियो। उनले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुर्‍याभएका थिए। कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको हो। विसं २०१५ को संसदीय निर्वाचनपछि २०१६ जेठमा उनी पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए।

नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन्। उनका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाइ', एवं 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित भएका छन्। त्यसैगरी दुई कथा सङ्ग्रह 'श्वेत भैरवी' र 'दोषी चश्मा', हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता' प्रकाशित छन्।

# अब नवीकरण नगरे पनि अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज नहुने




**काठमाडौं/मस**- सूचना तथा प्रसारण विभागले नवीकरण नगरेकै आधारमा अनलाइन सञ्चारमाध्यम दर्ता खारेजी र सञ्चालनमा रोक नलगाउने भएको छ। विभागले सूचना जारी गर्दै यस्तो जानकारी दिएको हो। यसअघि अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को उपदफा ९.३० बमोजिम विभागले अनलाइन सञ्चारमाध्यमलाई दिँदै आएको सेवामा रोक लगाउन खोजेको थियो।

विभागको सो कदमविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो। सर्वोच्चबाट चैत ३१ गते उक्त व्यवस्था खारेज भएको संक्षिप्त आदेश प्राप्त भएको विभागले जनाएको छ। सो आदेश बमोजिम अब उप्रान्त विगत आर्थिक वर्षमा नवीकरण गर्न छुट भएका अनलाइन सञ्चारमाध्यमको दर्ता विभागमा रहेको दर्ता किताबबाट खारेज नगर्ने र नवीकरण नगरेकै आधारमा अनलाइन सञ्चारमाध्यम सञ्चालनमा रोक नलगाइने विभागले जानकारी दिएको छ। तर, यसअघि नवीकरण हुँदै आएका अनलाइन सञ्चारमाध्यमको हकमा भने पूर्ववत रूपमा नवीकरण कार्य जारी रहने र नियमित रूपमा नवीकरण भएको अनलाइन सञ्चारमाध्यमका लागि मात्र प्रेस प्रतिनिधि प्रमाणपत्ररपरिचयपत्र (प्रेस पास) जारी गरिने विभागले जारी गरेको सूचनामा उल्लेख छ।

# दार्चुलामा यार्सागुम्बासहित एक भारतीय नागरिक पक्राउ



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, ५ साउन

दार्चुला जिल्लाको नेपाल भारत जोड्ने पुल घाटबाट यार्सागुम्बासहित एक भारतीयलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा पिथौरागढ जिल्ला धारचुला ग्राम पाङलाका अन्दाजी २३ वर्षीय गणेश सिंह बिष्ट रहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीज्क्षक एवं सुचना अधिकारी नरेन्द्र बहादुर चन्दले मध्यान्हलाई जानकारी दिए।

दार्चुलाको महाकाली नगरपालिका ४ स्थित नेपाल-भारत जोड्ने झोलुंगे पुलमा खटिएको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सयुक्त टोलीले मंगलबार विहान करिव ११ बजेतिर चेकजाचको क्रममा ९० ग्राम यार्सागुम्बासहित बिष्टलाई पक्राउ गरेको हो। उक्त स्थान डिभिजन वन कार्यालयको क्षेत्रमा पर्ने भएका कारण बरामद ९० ग्राम यार्सागुम्बा र बिष्टलाई डिभिजन वन कार्यालयमा बुझाएको प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।

# रामपुर नगर उपप्रमुख आचार्यद्वारा बिरुवा रोपण

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), ५ साउन



असार शुक्ल एकादशीका दिन पारेर मंगलवार रामपुर नगरपालिका वडा नं ५ स्थित सुरक्षा बेस क्याम्पको शिव मन्दिर परिषरमा बिरुवा रोपण गरिएको छ। रामपुर नगरपालिकाका उपप्रमुख विष्णुदेवी घिमिरे आचार्य, बेस क्याम्पका प्रमुख गुल्मपति कुमार दाहाल, शहीद सूर्यप्रसाद घिमिरेका धर्मपत्नी राधादेवी घिमिरेले संयुक्त रुपमा वर, पिपल, स्वामीको विरुवा रोपण गरेकी हुन्।

वातावरण संरक्षण गर्न र हिन्दु धर्म संस्कार अनुसार पुण्य प्राप्ती हुने विश्वासले भगवान् शिवको मन्दिर परिषरमा पिपल, वर, स्वामीको विरुवा रोपण गरेको नगर उपप्रमुख आचार्यले बताइन्। असार शुक्ल एकादशीको दिनमा घर घरमा तुलसीको बिरुवा सारि चार महिनासम्म गरिने विशेष पूजा आराधना मंगलबारदेखि शुरु भएको छ। एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घर घरको तुलसी मोठमा राखिएको दलको विरुवा सारिन्छ। सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ। आषाढ शुक्लदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा हुन्छ। आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्ने भएकाले आषाढ शुक्ल एकादशीको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् बताउँछन्।

# रोल्पामा माओवादी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गर्ने बढे

**कमल खड्का/मध्यान्ह**
रोल्पा, ५ साउन



रोल्पा १० वर्षे माओवादी जनयुद्धको उद्गम थलो भएतापनि अहिले माओवादी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गर्नेको संख्या बढ्दै गएको छ।

रोल्पाबाट जनयुद्ध शुरुवात भएका कारण देशले रोल्पालाई हेर्ने दृष्टिकोण फरक भएता पनि पछिल्लो समय त्यो दृष्टिकोणमा परिवर्तन भएको हो। नेकपा पार्टी विभाजन हुँदा नेपाली कांग्रेसलाई भने फाइदा हुने देखिको छ। रुन्टीगढी गाउँ पालिकाको वडा नम्बर ९ मा नेकपा माओवादी परित्याग गरि नेपाली कांग्रेसमा दजनौं युवा प्रवेश गरेको छोटो समय नबित्दै फेरि वडा नम्बर ५ मा नेकपा परित्याग गरि वीर बहादुर पुनको नेतृत्वमा एक दर्जन बढी युवा नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। नव प्रवेशीहरुमा वीरबहादुर पुन, जितराज गिरी, घनश्याम गिरी,घनश्याम डि.सि,नारायण गिरी, इन्द्रा गिरी, सीता गिरी, गमी गिरी, सीता पुन लगायत छन्। नब प्रवेशी सबैलाई नेपाली कांग्रेस रुन्टीगढीले स्वागत गरेको सभापति जनक पुनले बताए।

**सत्ता ...**

कुराकानी भएको थियो। माधव नेपाललाई भेटेपछि प्रचण्ड प्रधानमन्त्री देउवा भेट्न बालुवाटार पुगेका थिए। बालुवाटार सम्वाद पनि सत्ता समीकरण र सरकारको प्राथमिकतामै केन्द्रीत भएको नेताहरुले बताएका छन्। देउवा नेतृत्वको सरकारले साझा न्यूनतम् कार्यक्रम बनाउने प्रयत्न गरिरहेको छ।

गठबन्धनको सरकार भएकाले साझा न्यूनतम कार्यक्रम बनाएर अगाडि बढाउने प्रयास भइरहेको प्रचण्डका प्रेस संयोजक विष्णु सापकोटाले बताए। दिउँसो फेरि प्रधानमन्त्री देउवा प्रचण्ड निवास खुमलटार पुगेका थिए। प्रचण्ड पत्नी सीता दाहालको स्वास्थ्य बारे बुझ्न खुमलटार पुगेको बताइइको छ। तर यो राजनीतिक दौडधुपको प्रमुख कारण भने सत्ता समीकरणमै केन्द्रीत रहेको स्रोतको भनाइ छ।

विशेषगरी एमाले नेता नेपालले अध्यक्ष केपी शर्मा ओलीलाई बिस्थापित गर्नेगरी देउवालाई समर्थन दिएकाले सत्ता समीकरण अल्झिएको छ। किनकि माधव समूहका २३ सांसदले समर्थन नगरेका थिए भने देउवालाई अदालतले परमादेश नदिन सक्थ्यो। अझ पुनर्स्थापित संसदमा पनि नेता नेपाल पक्षका २२ सांसदले विश्वासको मत दिएका छन्। प्रधानमन्त्री देउवालाई विश्वासको मत काँग्रेस, माओवादी केन्द्र, जसपा, एमाले र राष्ट्रिय जनमोर्चाले दिएकाले मन्त्रिपरिषद् गठनमा देउवालाई सजिलो देखिएको छैन। अझ काँग्रेस महाधिवेशनको नजिक भएकाले पनि राष्ट्रिय राजनीति सत्ता समीकरणमा अड्किएको देखिन्छ।

**काँग्रेस...**

आधुनिकीकरण र क्रियाशील सदस्यताको अभिलेखीकरण (डाटा इन्ट्री) को काम सफलतापूर्वक सम्पन्न गरिसकेको छ। विभागले महाधिवेशनको प्रचारलाई विगतभन्दा भिन्न र जीवन्त शैलीमा अघि बढाउने र त्यसका लागि पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग आवश्यक समन्वय गर्ने निर्णयसमेत गरेको छ।

**नेपालीलाई ...**

खोप लगाएका नागरिकलाई मात्र प्रवेश अनुमति दिने भनेको छ। ती मुलुकले अनुमति दिएको खोपमध्ये नेपालमा जोन्सन एण्ड जोन्सनको खोप मात्र उपलब्ध छ। तर त्यस खोपमा पनि वैदेशिक रोजगारमा जाने कामदार उच्च प्राथमिकतामा नपरेपछि कयौंको रोजगारी गुम्ने तथा नयाँ कामदार रोजगारका लागि जान बञ्चित हुने अवस्था सिर्जना भएको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि कामदारलाई खोप दिनेबारे पटक-पटक सरकारका विभिन्न निकायको ध्यानाकर्षण गराउँदा पनि कामदारलाई खोप सुनिश्चित हुन सकेको छैन। यस्तै परिस्थिति रहे नेपाली कामदारहरु वैदेशिक रोजगारमा जानै नपाउने स्थिति आउने व्यवसायीहरुले बताउँदै आएका छन्।

**कोभिड....**

सम्पन्न गर्न सकिने क्षमताको विकास गरिएको छ। महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ।

विभागको हालै सम्पन्न बैठकले 'डिजिटल भोटिङ' को नमूना प्रदर्शनीको आन्तरिक कार्ययोजनासमेत तय गर्नाका साथै जिल्ला तहसम्म प्रविधि प्रशिक्षण र सहजीकरणका लागि दक्ष इन्जिनीयरहरूको नेटवर्क तयार गरिएको छ। महाधिवेशनको वैचारिक प्रचार प्रारम्भ गर्नेलगायत अन्य निर्णय पनि गरिएको उनले बताए। विभागले यसअघि नै 'प्रविधि मैत्री अभियान'का क्रममा पार्टीको वेबसाइटलाई प्रेस एजेन्सीले सोमबार सो समाचार दिएको छ। उक्त एजेन्सीका अनुसार साउदी अरेबियाले यही अगष्ट ९ बाट यो यात्रा प्रतिबन्ध फुकुवा गरिने बताएको छ।

यसअघि त्यहाँ कडा नयाँ भेरिएन्टका कारण धेरै ठूलो संख्यामा संक्रमितहरु देखिएकामा पछिल्ला केही दिनमा त्यो संक्रमणको संख्या घटेपछि यो निर्णय गरिएको हो। साउदी अरेबियाले गत मे १७ देखि यो यात्रा प्रतिबन्ध लगाएको थियो। त्यस यता यहाँ कैयौं विदेशी उडानहरु पनि रोकिएको थियो।

# पाल्पामा बलात्कार आरोपमा युवक पक्राउ

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ५ साउन

पाल्पामा ३४ वर्षीया महिलालाई बलात्कार पछि गर्भवती बनाएको आरोपमा प्रहरीले तानसेन नगरपालिकाका ४४ वर्षीय अर्जुन विकलाई मंगलबार पक्राउ गरेको छ।

आरोपितले आफुलाई बलात्कार गरेको र बलात्कारपछि आफु गर्भवती भई सुत्केरी भएको र शिशु पनि जन्मिएको भन्दै पीडीत महिलाले सोमबार जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दर्ता गराएकी थिइन्। पीडित महिलाले असार ३० गते घरमै शिशु (छोरी) जन्माएको र शिशु बिरामी भएपछि उपचारको क्रममा सोमबार लुम्बिनी मेडिकल कलेजमा उपचारको क्रममा शिशुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका डिएसपी रामेश्वर त्वातीले बताए।

पीडित महिलाको उजुरीको आधारमा आरोपितलाई पक्राउ गरि अनुसन्धान प्रक्रिया अगाडि बढाइएको उनले बताए

# तनहुँको अकलादेवीमा गणेशको मूर्ति चोरी

**तनहुँ/मस**- तनहुँको म्याग्दे गाउँपालिका-६ मा रहेको अकला देवी मन्दिरमा चोरी भएको छ। सोमबार राति अज्ञात समूहले मन्दिरको मूलढोकामा लगाइएको ताल्चा फोडेर मूर्तिलगायतका सामान चोरी गरेको हो। प्रसिद्ध धार्मिकस्थलका रूपमा परिचित अकला देवी मन्दिरमा रहेको गणेशको मूर्ति, शंख र घण्टी चोरी भएको तथा मन्दिरको गजुर भने सुरक्षित रहेको मन्दिर विकास तथा व्यवस्थापन समितिले जनाएको छ।

मंगलबार बिहान पुजारी मन्दिरमा दैनिक नित्य पूजाका लागि जाँदा मात्रै मन्दिरमा मूर्तिचोरी भएको थाहा भएको मन्दिर व्यवस्थापन समितिका सचिव वसन्त थापाले जानकारी दिए।

घटनापश्चात प्रहरी टोली गएर घटनाका विषयमा अनुसन्धान भइरहेको उनले बताए। लाखौं भक्तजनले पुज्ने मन्दिरमा भएको यो किसिमको घटना हुनु अत्यन्त निन्दनीय र हिन्दू धर्ममाथिको प्रहार भएको उनले बताए। उक्त कार्यमा संलग्न कोही शंकास्पद व्यक्ति वा समूह भेटिए तुरुन्त प्रहरीलाई खबर गरिदिन उनले सबैमा आग्रहसमेत गरे।

यस विषयमा वडाध्यक्ष बसन थापासँग बुझ्दा आफू काठमाडौं रहेकाले केही जानकारी नपाएको बताए।

## विषाक्त मदिरा प्रकरण :

# प्रनाउको नेतृत्वमा अनुसन्धान समिति गठन



**बलेवा/मस**-विषाक्त मदिरा पिएर चारजना मजदूरको मृत्यु भएको घटनाको छानबिन गर्न प्रहरी नायब उपरीक्षक इकवाल हवारीको नेतृत्वमा अनुसन्धान समिति गठन भएको छ।

बागलुङमा सोमबार साँझ विषाक्त मदिरा पिएका ६ मध्ये चारजनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा गलकोट नगरपालिका-७ मल्मस्थित खानेपानी आयोजनामा काम गर्ने २१ वर्षीय दीपेन्द्र पुन, ३९ वर्षीय दूधबहादुर राना, ५१ वर्षी रेखबहादुर राना र ३० वर्षीय प्रवीन घर्ती रहेका छन्। उनीहरुको उपचारका क्रममा मृत्यु भएको बताइएको छ। त्यस्तै उनीहरुसँगै मदिरा खाएका ३८ वर्षीय खेमराज घर्ती र २६ वर्षीय रवीन्द्र पुनको अवस्था गम्भीर रहेको र धौलागिरि अस्पतालमा उपचार सम्भव नभएपछि दुबै जनालाई गण्डकी अस्पताल पोखरा पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय बागलुङका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक हवारीको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको प्रहरीले जनाएको छ। बागलुङमा पहिलोपटक चारजनाको विषाक्त रक्सी सेवनका कारण ज्यान गएपछि प्रहरी गम्भीर भएर अनुसन्धानमा लागेको प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लिमगरले बताए।

'सात दिनको समय दिएर डिएसपी सापको नेतृत्वमा टोली पठाएको छु', उनले भने,' अहिलेसम्म दुईजना पक्राउ परेका छन्, मजदूरले खाएका चाउचाउ, दालमोठ र मदिराका भाँडाहरुसमेत बरामद गरेका छौं।' पक्राउ पर्नेमा पसल सञ्चालक भद्रबहादुर थापा र स्थानीयवासी भक्तबहादुर बलाल रहेका छन्। उनीहरुसँग अहिले सोधपुछ चलिरहेको र शवपरीक्षणको रिपोर्ट आएपछि थप अनुसन्धान अगाडि बढाइने उनले बताए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०५/१९ मा दर्ता भएको **प्रा.लि. नं. ८६२३२** को **एक्सपिरियन्स ट्राभल सपोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०४/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## आज बकर इद मनाइँदै

# सार्वजनिक बिदा, मदरसा संघद्वारा स्वागत

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ५ साउन

मुस्लिम समुदायले आज बकर इद मनाउँदैछन् । मुस्लिम धर्मावलम्बीले नमाज पढेर चौपायालाई कुर्वानी अर्थात् बलि दिई मनाउन लागेका हुन् ।

इब्राहिमले सपनामा आफ्नो छोरा इस्माइललाई अल्लाहको आदेशानुसार बलि दिन जंगलमा लगेपछि छोरालाई बलि चढाउँन लाग्दा फेरि अल्लाहले इस्माइलको स्थानमा भेडाको थुम्बालाई राखिदिएको बताइने गरिन्छ ।

यसरी बलि दिइएको दिन इस्लामिक पात्रो अनुसार १२ औं महिना जिल हिज्जाको १०औँ तारिखमा भएकाले यस दिन बकर इद मनाउने परम्परा सुरु भएको हो । आज बिहान स्नान गरी इद्गार वा मस्जिदमा गई मुस्लिम समुदायका भक्तले सामूहिक नमाज पढेपछि एकअर्कालाई इद मुवारक भन्दै शुभकामना आदानप्रदान गर्छन् । नमाज पढेपछि मुस्लिम धर्मग्रन्थ कुरानअनुसार खसी, बोका, राँगा, बाखा, भैँसी, भेडा र ऊँट आदि चौपायालाई बलि अर्थात् कुर्वानी दिने प्रचलन छ ।



कुर्वानी दिएको मासु तीनभाग लगाई पहिलो भाग परिवारलाई, दोस्रो भाग इष्टमित्रलाई र तेस्रो भाग गरिब, दिनदुःखीलाई छुट्याउने परम्परा छ ।

**सार्वजनिक बिदा दिने निर्णय स्वागतयोग्य**

सरकारले इदको अवसरमा आज सार्वजनिक बिदा दिएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले मुस्लिम धर्मावलम्बीहरुको महान चाड पर्व बकर इदको अवसरमा साउन ६ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

बकर इदको अवसरमा बिदा दिने मन्त्रिपरिषद्को निर्णय राष्ट्रिय मदरसा संघ नेपालले स्वागत गरेको राष्ट्रिय मदरसा संघ नेपालका महासचिव मौलाना मशहुद खां नेपालीले मध्यान्हलाई जानकारी दिए ।

मुस्लिम धर्मावलम्बीकोहरूले मनाउने महत्वपूर्ण चाड बकर इदको उपलक्ष्यमा राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डा. अब्दुल गनि अल्कुफी, राष्ट्रिय मदरसा संघका महासचिव मौलाना मशहुद खां नेपली, नेकपा माओबादी केन्द्र कृष्णनगर नगर कमिटी अध्यक्ष जावेद आलम खां, राष्ट्रीय मदरसा संघ नेपालका उपाध्यक्ष शैख जैस मक्की, सदस्य जहिर अहमद बरेलवी लगायत जाहिद आजाद, अब्दुल नूर, अब्दुल अजिम मदनी, डा. मन्जुर अहमद खां, खुरसेद आलम खां, तुफेल अलम खां लगायतले बकर इदको शुभकामना व्यक्त गरेका छन् ।

उनीहरुले मुस्लिम धर्मावलम्बीकोहरुको महत्वपूर्ण चाड बकर इदको अवसरमा सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदी बहिनी, इष्ट मित्र, कर्मचारी लगायत समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरेका छन् ।

साथै उनीहरुले अहिले फैलिएको कोरोना संक्रमण चाँडै संसारबाट लोप होस भन्ने अल्लाहसँग प्रथाना समेत गरेका छन् । मौलाना मशहुद खां नेपालीले नेकपा माओबादी केन्द्रका राष्ट्रिय अध्यक्ष पुष्प कमल दहाल 'प्रचण्ड'लाई संघीय लोकतान्त्रिक गणतन्त्र बचाउनका लागि चालेका कदमको सराहना गर्दै आफूहरू सदैव उनको साथमा हातेमालो गरी अगाडि बढ्ने मध्यान्हलाई बताए ।

# शुक्लाफाँटामा महिला नेतृ र जनप्रतिनिधिबीच कोरोना अनुभव साटासाट

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ५ साउन



शुक्लाफाँटा नगरपालिकाको झलारीस्थित राजनीतिक दल आवद्ध महिला नेतृ र महिला जनप्रतिनिधिहरुबीचको संयुक्त छलफल सम्पन्न भएको छ । कोरोना माहामारी र पछिल्लो लकडाउनको अवधिमा राजनीतिक दलका नेतृ र जनप्रतिनिधिको भूमिका सम्बन्धी अनुभव आदानप्रदान गर्न बैठक आयोजना गरिएको छ ।

बैठकमा नतिक दलमा आवद्ध महिला नेतृ र निर्वाचित महिला जनप्रतिनिधिहरुले के कामहरु गरे, कसरी आफ्नो भूमिका निर्वाह गरे, भूमिका निर्वाह गर्दा केके कठिनाईहरु देखिएए लगायतका विषयमा छलफल र अनुभव आदानप्रदान गरिएको छ ।

शुक्लाफाँटा नगरपालिका र निर्वाचित महिला जनप्रतिनिधिहरुले लकडाउन अवधिमा कोरोना संक्रमणबाट बच्न सुरक्षा सचेतना जागृत गर्ने, भारतबाट आएकालाई क्वारेन्टिन र कोरोना लक्षणको जोखिम देखिएकालाई सेल्फ आईसोलेसनमा बसाउने, बसे नबसेको अनुगमन गर्ने, कोरोना संग मिल्दोजुल्दो लक्षण देखिएकालाई स्वास्थ्य परिक्षणकालागि स्वास्थ्य संस्थामा पठाउने, संघंघसंस्थाहरुको समन्वयमा गरिव एकल महिलालाई राहात बितरण गर्ने, असाह्यलाई सहयोग गर्ने, र घरेलु हिंसाका घट्नाहरु समाधान गर्ने तथा यातना र कुटपिटनै गरेका घट्नामा ईलाका प्रहरी कार्यालयमा पठाई न्याँयकालागि पहल गर्ने कार्य गर्दाका अनुभव आदान प्रदान गरेका थिए । मानव अधिकारको लागि महिला एकल महिला समुहद्वारा सञ्चालित नेपालमा सिमान्तकृत महिलाको आवाज र सहभागिता परियोजनाका जिल्ला कार्यक्रम संयोजक बिर बहादुर नेपालीले सहजीकरण गरेको उक्त कायृक्रममा शुक्लाफाँटा नगरपालिकाका कार्यपालिका सदस्यहरु, लक्ष्मी शाह, यसोदा देवी भट्ट, बिमला चौधरी, शान्ति दमाई र वडा महिला सदस्यहरु सहभागी भएका थिए ।

राजनीतिक दल नेकपा एमालेका ईश्वरा कुवँर, नेपाली काँग्रेसबाट धर्मा बिष्ट, नेकपा माओवादी केन्द्रबाट अनिला चौधरी, बसन्ती पनेरु,समाजसेवी कलावती बेहरा, द्वारिका कुवँर लगायत सहभागी भए ।मानव अधिकारका लागि महिला एकल महिला समुह (डब्लुएचआर) कञ्चनपुरद्वारा सञ्चालित 'नेपालमा सिमान्तकृत महिलाको आवाज र सहभागिता परियोजना' अन्तर्गत कार्यक्रमको आयोजना गरिएको हो ।

## बाँके डायरी

पवन जायसवाल/मध्यान्ह

### लायन्स क्लब अफ नेपालगन्जको पद हस्तान्तरण

बाँकेमा लायन्स क्लब अफ नेपालगन्जले मंगलबार एक कार्यक्रमको आयोजना गरी भव्यताका साथ पद हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालगन्जको सुर्खेत रोडस्थित स्वास्तिक कटेजमा प्रमुख अतिथि पी.डी.जीद्वय मधु सुदन शर्मा (रिजाल), सेमराज शाक्यको उपस्थितिमा सम्पन्न भएको हो । कार्यक्रममा अतिथिका रुपमा सम्पूर्ण लायन्स क्लब आफ नेपालगन्जका पूर्व अध्यक्ष लगायत सदस्यहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सन् २०२०/२०२१ का अध्यक्ष यज्ञ प्रताप राणाले वर्षभरिमा गरिएका कार्यहरुको बारेमा प्रकाश पार्दै सन् २०२१/२०२२ का अध्यक्ष गणेश भण्डारी, कोषाध्यक्ष नर्मदा शाही तथा सचिव यज्ञबहादुर बस्नेतलाई पूर्वअध्यक्ष यज्ञप्रताप राणा, पूर्व कोषाध्यक्ष विष्णुबहादुर श्रेष्ठ तथापूर्व सचिव यज्ञबहादुर बस्नेत आ-आफ्नो पद हस्तान्तरण गरेका थिए । कार्यक्रममा पी.डी.जी.मधुसुदन शर्मा (रिजाल), पी.डी.जी. सेमराज शाक्यलगायत अन्यवक्ताहरुले पूर्व समितिले गरेको कार्यको सराहना गर्दै अब आउने नयाँ समितिलाई सफल कार्यकालको शुभकामना समेत व्यक्त गरेका थिए ।

यसरी पद हस्तान्तरण कार्यक्रममा अध्यक्ष यज्ञप्रताप राणाले कोषाध्यक्ष विष्णुबहादुर श्रेष्ठ, सचिवमा यज्ञबहादुर बस्नेत, कार्यालय सचिव दिनेशकुमार श्रीवास्तवसहित पूर्वअध्यक्षहरुलाई सम्मान-पत्रसहित खादा ओढाएर, अबीरको टिका लगाई सम्मान गरिएको थियो ।

सो कार्यक्रमको सञ्चालन सचिव यज्ञबहादुर बस्नेतले गरेका थिए भने समापन २०२१/२०२२ का अध्यक्ष गणेश भण्डारीले गरेका थिए । कार्यक्रममा क्लबका पूर्वअध्यक्ष, सदस्यसहित ३२ जनाको उपस्थिति रहेको थियो ।

# मानदेवा परोपकारी अक्षय कोषबाट सहयोग

बाँकेको नेपालगन्जमा बासकी कार्यबाहक कोषाध्यक्ष दिला शाहले आफ्ना माता, पिताको सम्मानमा स्थापना गरेको मानदेवा परोपकारी अक्षय कोषबाट आर्थिक अवस्था कमजोर भएकी एक महिलालाई सहयोग प्रदान गरिएको छ ।

बर्दिया जिल्लाको बाँसगढी घर भई हाल नेपालगन्ज उपमहानगरपालिका वडा नं १२ मा बस्दै आएकी लक्ष्मी बुढालाई व्यवसाय सञ्चालन गर्नका लागी बासकी कार्यबाहक कोषाध्यक्ष दिला शाहले १० हजार रुपैयाँ सहयोग गरेकी हुन् ।

आर्थिक अवस्था कमजोर भएकी लक्ष्मी बुढाका श्रीमान एक वर्षदेखि सम्पर्क बिहिन रहेका छन् । लक्ष्मी बुढाले नेपालगञ्जमा ठेलामा पसल सञ्चालन गरिरहेकी छिन् । दिला शाहको जन्मदिन साउन ३ गते भएको हो । उनले कोषबाट विभिन्न व्यक्तिहरुलाई सहयोग प्रदान गर्दै आएकी छन् । बाँकेको नेपालगञ्जमा सम्पन्न कार्यक्रममा सहयोग हस्तान्तरण प्रमुख अतिथि बासका सल्लाहकार तथा वरिष्ठ पत्रकार पूर्णलाल चुके, कानुनी सल्लाहकार अधिवक्ता लोकबहादुर शाह र संस्थापकद्वयले लक्ष्मी बुढालाई सहयोग हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा बोल्दै अक्षय कोषकी संस्थापक दिला शाहले जिवित बुबा, मुवाको सम्मानमा अक्षयकोष स्थापना गरि सहयोग गर्न पाउँदा आफुलाई धेरै नै खुशी लागेको बताइन् । सानो रकमबाट शुरु गरिएको कोष अभिवृद्धि गरि विपन्न बालबालिका, हिंसामा




परेका महिला र प्राकृतिक प्रकोपबाट पीडितहरुलाई सहयोग गर्ने उद्देश्य रहेको उनले बताइन् ।

अक्षय कोषका अर्का संस्थापक दिनेश चन्दले मानविय भावनाबाट अभिप्रेरित भएर अक्षयकोष स्थापना गरेको बताउँदै कोषमा एक लाख थप गर्ने घोषणा गरेर ४ लाख पुऱ्याएका छन् ।

सो कार्यक्रममा बोल्दै प्रमुख अतिथि बासका सल्लाहकार तथा वरिष्ठ पत्रकार पूर्णलाल चुकेले साक्षात भगवानको रुपमा चिनिने बुबा, मुवाको सम्मानमा कोष स्थापना गरि दिला शाहले एक परोपकारी कार्य गरेको बताए ।

कार्यक्रममा बासका कानुनी सल्लाहकार अधिवक्ता लोकबहादुर शाहले अक्षयकोष स्थापना गरि गरिएको मानविय कार्यको उच्च प्रशंसा गरेका थिए ।

सो कार्यक्रम बासका निवर्तमान अध्यक्ष मन भण्डारीले सञ्चालन गरेको कार्यक्रममा बासका कार्यकारी निर्देशक नमस्कार शाहले स्वागत तथा उद्देश्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रमको समापन बासका अध्यक्ष रमेश सिटौलाले गरेका थिए ।

नेपालगञ्ज उपमहनगरपालिका वनर्ड नं.–१८ निवासीबासकी कार्यबाहक कोषाध्यक्ष दिला शाहले आफ्ना जीवन साथी दिनेश चन्दसँगको सहकार्यमा आफ्ना बुवा मानबहादुर शाह र मुवा देवा शाहको सम्मानमा वि.सं. २०७४ पुस २१ गते मानदेवा परोपकारी अक्षयकोष बासको संरक्षकत्वमा स्थापना भएको थियो । २ लाख ५० हजारको अक्षयकोष वृद्धि गर्दै हाल ३ लाख ८० हजार ९ सय ९८ रुपैयाँ पुऱ्याइएको छ ।

कोषका संस्थापक दिला शाह र दिनेश चन्दले उक्त कोष वृद्धिका लागि थप एक लाख रकमको चेक संयुक्त रुपमा बासका अध्यक्ष रमेश सिटौला लगायतलाई हस्तान्तरण गरेका थिए । योसँगै अब अक्षयकोषको राशी ४ लाख ८० हजार ९ सय ९८ रुपैयाँ हुने भएको छ । उक्त कोषबाट हाल सम्म विभिन्न बालबालिका, हिंसामा परेका महिला, अशक्त व्यक्ति र बालगृहलाई सहयोग गरिएको छ ।

# नुवाकोटको शिवपुरीका १६ वटा विद्यालयलाई धारा जडित स्टाण्डयुक्त पानी ट्यांकी




**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, ५ साउन

नुवाकोटको शिवपुरी गाउँपालिकाका १६ वटा विद्यालयलाई धारा जडित स्टाण्डयुक्त पानी ट्यांकी वितरण गरिएको छ । सो सामग्री रोटरी क्लब अफ काठमाडौंको सहयोगमा इको कनेक्ट प्रा.लि. ले वितरण गरेको हो ।

सोमबार गाउँपालिकाको कार्यालय सेराबगरमा रोटरी क्लब अफ काठमाडौंका सचिव सुशीलकुमार कार्कीले सो सामग्री वितरण गरेका हुन् ।सेवा क्षेत्रमा रहेका वडा नम्बर १ देखि ८ सम्मका कुल ४८ विद्यालयमध्ये प्राथमिकताको आधारमा १६ वटा विद्यालयलाई हात धुने स्टेसन सामग्री वितरण गरिएको क्लबका सचिव कार्कीले बताए ।

उक्त अवसरमा क्लबले एउटा अक्सिजन कन्सन्ट्रेटर उपकरण समेत शिवपुरी गाउँपालिकालाई हस्तान्तरण गरिएको गाउँपालिकास्थित स्वास्थ्य शाखाका प्रमुख उद्धब कार्कीले बताए ।

विद्यालयलाई धारा जडित स्टाण्डयुक्त पानी ट्यांकी पाउने विद्यालयहरुमा वडा नम्बर ४ सिक्रेका शिवपुरी एकता आधारभूत विद्यालय, वडा नम्बर ५ को बच्छला आधारभूत विद्यालय, शिवपुरी गाउँपालिका वडा नम्बर १ तलाखुका हिल्चे आधारभूत विद्यालय, बिष्णुदेवी आधारभूत विद्यालय र खोलेखर्क आधारभूत विद्यालय रहेका छन्।

त्यस्तै शिवपुरी गाउँपालिका वडा नम्बर २ छापको बोर्लाङ्भूमे आधारभूत विद्यालय, चापाबोटे आधारभूत विद्यालय र वडा नम्बर ६ का समुन्द्रादेवी माध्यमिक विद्यालय र जनसहयोग आधार भूत विद्यालय, शिवपुरी ७ सुनखानीको घ्याम्पेश्वरी आधार भूत विद्यालयलाई समेत सो सामग्री वितरण गरिएको छ।

त्यस्तै शिवपुरी-५ को जालपा आधारभूत विद्यालय र नेपाने आधारभूत विद्यालय, वडा नम्बर ८ को अमर आधारभूत विद्यालय र महेन्द्र आधारभूत विद्यालय, वडा नम्बर ३ को रामायण छाप माध्यमिक विद्यालय र वडा नम्बर ८ को जनज्ञान निकेतन माध्यमिक विद्यालय लगायतका १६ वटा विद्यालयलाई धारा जडित स्टाण्डयुक्त पानी ट्यांकी प्रदान गरिएको शिवपुरी गाउँपालिका शिक्षा शाखाका राम थापाले बताए ।


**CYPRUS मा रोजगार** | कम्पनी: DIA RECRUITMENT & IMMIGRATION SERVICES LTD
शहर : Limassol

पूर्व स्वीकृत मितिः २०७८/०३/१७ | चलानी नं.: ६०१५९५५० | LT. No.: 241449 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४४,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२२३/०७४/०७५

**मिराकल म्यानपावर प्रा. लि.**
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४३५१००३
Email: manpowermiracle@gmail.com | Mob. No.: 9802052771
Web: www.manpowermiracle.com



**कतारमा रोजगार** | कम्पनी: AL EWAN REAL ESTATE TRADING AND CONTRACTING
शहर: Qatar

पूर्व स्वीकृत मितिः २०७७/०८/१६ | चलानी नं.: ६०१५३७९४ | LT. No.: 235063 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plaster Worker | 1 | 0 | | 1400 | ४५,१५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
श्रम इजाजत नं. १४६९/०७४/०७५
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



**धर्मदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुडेशनिश्चरे, संखुवासभा**
**१ नं. प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने तथा आशयपत्रसम्बन्धी सूचना**

**प्रकासित मितिः २०७८/०४/०६**

यस कार्यालयबाट मिति २०७८/०२/३० गतेको राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकासित भई सोही सूचना बमोजिम रितपूर्वक दर्ता भई मिति २०७८/०३/२९ गते खोलिएका बोलपत्रहरु मध्ये यस आयोजनाको विभिन्न मितिमा बसेको मूल्याङ्कन समितिको मूल्याङ्कन अनुसार सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ (५) अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितीको लागि यो सूचना प्रकासित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जनाकारी गराइन्छ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | प्रभावग्राही बोलपत्रदाताहरुको नाम | आर्थिक प्रस्ताव खोल्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | DD-MUN-HB-NCB-02-2077-078 | 5 Bed Hospital Construction | HTC Kunsaling JV, Bhojpur | धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुडेशनिश्चरे, सङ्खुवासभा, मितिः २०७८/०४/१३ गते दिनको १ : ०० बजे | |
| २ | | | PS Construction Company Pvt. Ltd., Sankhuwasabha | | |
| ३ | | | Chakreswori-Joshi-Chemjong JV, Kathmandu | | |
| ४ | | | Bright Bull UD JV, Bhojpur | | |
| ५ | | | Puspanali/Shivako-JV, Boudha 6 Ktm | | |
| ६ | | | Chhuma Ganesh/Chainlink JV, Bhaktapur | | |
| ७ | | | Sobarna / K and J JV, Bhaktapur | | |
| ८ | | | Yakthumhang/SAS JV, Biratnagar | | |

## सम्पादकीय

# विकृत राजनीतिको भय

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गरेर शुरू गरेको राजनीतिक एवम् संवैधानिक संकट थिग्रने चरणमा पुगेको छ । ओलीको सत्ता बहिर्गमन पछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएका छन् । तर गएको साता महिनाको उतारचढाब अझै सामान्य बन्न सकेको छैन । हुन पनि बितेको सात महिनामा ओलीले मुलुक नै संकटतर्फ धकेल्ने प्रयास गरेका थिए । साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको विवादका कारण ओलीले विघटन गरेको संसद् ११ फागुनमा पुनर्स्थापना भएको थियो । त्यसपछि संवैधानिक संकट टरेपनि राजनीतिक संकट कायमै रह्यो । त्यही राजनीतिक संकट लम्ब्याउँदै ओलीले फेरि ७ जेठमा दोस्रो पटक संसद् भंग गरे । तर फेरि पनि २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना भयो ।

यो पुनर्स्थापनाले भने राजनीतिक संकट कम्तिमा तत्काललाई हल गरेको छ । अदालतले संविधानको धारा ७६ (५) बमोजिम देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको थियो । अदालतको परमादेशपछि २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले विश्वासको मत समेत पाइसकेका छन् । देउवालाई काँग्रेसका ६१, माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) को ३२ र राष्ट्रिय जनमोर्चाको एक सांसद सँगै नेकपा एमालेकै २२ सांसदले पनि विश्वासको मत दिए । अर्थात् देउवा १६५ मत पाउँदै प्रधानमन्त्री नियुक्त भएका छन् । देउवाको काँधमा डिरेल हुन पुगेको संविधान जोगाउँदै जनताको अपेक्षा पूरा गर्नु रहेको छ ।

तर देउवालाई विश्वासको मत दिएसँगै एमालेभित्रको कलह भने चर्किएको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली पक्षले फेरि पनि माधव नेपाल समूहलाई कारबाही प्रक्रिया अगाडि बढाएको छ । सँगै माधव नेपाल सहितका नेताहरूप्रति चर्को आलोचना सहित सडक प्रदर्शन भइरहेको छ । यहाँ मुलुक सामान्य अवस्थाबाटै अगाडि बढ्छ वा बढ्दैन भन्दा पनि राजनीति इमानमा रहन्छ वा रहन्न भन्ने प्रमुख चासो देखिन्छ । किनभने माधव नेपाल विरूद्ध ओलीले दिएका अभिव्यक्ति र उनका समर्थकहरूले गरेको विरोध असमान्य छ । कोरोनाकाल बिर्सिएर पुत्ला दोहन गर्ने मात्रै नभएर अभद्र शैली अपनाइएको छ । यसले संवैधानिक ट्र्याकमा आएको राजनीति बिकृत बन्ने भय देखिन्छ । जुन नियन्त्रण मुलुक, समाज, संविधान र प्रणालीका लागि पनि आवश्यक छ ।

## सामाजिक सञ्जाल



कोरोनाको कहर जारी नै रहेको र विज्ञहरूबाट तेस्रो भेरियन्टको चेतावनी भैरहेको अवस्थामा जुनसुकै पक्षबाट हुने गरेको भए पनि जुलुस, आन्दोलन र प्रदर्शनको चै घोर निन्दा गरिन्छ । बिगतमा पनि यस्तै क्रियाकलापले संक्रमण फैलिन मद्दत पुऱ्याएको हेक्का राख्नुपर्यो है नभए फेरि उहि हुन्छ हालत !

**- शैलेन्द्र थापा**



खड्गप्रसाद ओलीले अझै चेतेनन् बरै ! यस्ता क्रियाकलापबाट युवाले कस्तो संस्कार सिक्छन, अनि भविष्यमा के गर्छन् । यस्ता क्रियाकलाप गैरउत्वादक हुन । गुट र नेतृत्वप्रति थप बितृष्णा पैदा गर्छन् । बरू यिनीहरूलाई जबज, मार्क्सवाद र समाजवाद पढाऊ । गुण सिकाउने हो, दुर्गुण होइन । जय होस् ।

**- कृष्ण घिमिरे**



ओलिका अन्धभक्त हनुमानहरूले आज सडकमा निस्केर हनुमान नै बनेर प्रमाणित गरे सरकार यिनलाई भोटेकुकुर लगाएर खेदाउ जङ्गलतिर पठाउ शहर पसेर बस्ति र बाटो घाटोमा बसेर सर्वसाधारण लाई दुख दिए । यिनलाई बेलैमा तह नलगाए यिनको हर्कतले देश तहसनहस बनाउने छन् बेलैमा ध्यान जाओस् ।

**- राधिका सुवेदी**



शेरबहादुरका पनि आफ्नै दुख छन् – पुष्पकमललाई माना पाथी भर्नै पऱ्यो, माधव नेपाललाई घँस्याउनै पऱ्यो, आफ्ना सुन्ड मुन्ड पनि दशैं आयो खाउँला पिउँला भनेर कुरी बसेकै छन् । यो ब्यवस्थापन गर्ने नाम मै देउवाले एउटा नयाँ मन्त्रालय थपेर दुःख भनेकै पुमा रहेछन् भन्ने छन् देउवाले ।

**- सुशिल न्यौपाने**



पार्टी त उ बेला कांग्रेस पनि फुटेकै हो । पार्टिप्रति असन्तुष्टि जनाउँदै पार्टी छाड्नेहरू हिजो पनि थिए, आज पनि छन् । तर न तिनलाई कसैले 'गद्दार' भने । न तिनको पुत्लाको शव यात्रा गरियो/जलाईयो । के बुद्धिको बिर्को खुल्लै राखेर ' कम्युनिस्ट' बन्न सकिन्न ?

**- उमेश धिताल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# उपचार कूटनीतिको सन्दर्भ

सदैव आफ्नो स्वार्थको लागि मुलुकमा अस्थिरता मच्चाइ रहने, मिलेर काम गर्न नसक्ने अनि उपचारको नाममा गरिने यस्ता भ्रमणले मुलुकलाई गुमराहमा राखेर भएका कूटनीतिक भेटघाटलाई हाम्रो राष्ट्रिय राजनीतिक मुद्धाहरुमा कमजोर र आश्रित निर्णय क्षमताको परिचय गराउँछ । हाम्रो निर्णय गर्न सक्ने क्षमतामा ह्रास आएको परिदृश्यमा यस्ता उपचार भ्रमणलाई कसरी उचित मान्न सकिएला ?



● निष्णु थिङ

गत पौष ५ गते ओलीले प्रतिनिधिसभा विघटन गर्ने बित्तिकै जेएन खनाल उपचार गर्न भारत गए र उनी फर्कने बित्तिकै डा. बाबुराम भट्टराई उपचारकै लागि उडे । केपी शर्मा ओलीले संसद बिघटन गरे लगत्तै छाएको अलमल र सन्नाटाको अवस्थामा पुष्पकमल दाहाल 'प्रचण्ड' पत्नीको उपचारको लागि दिल्ली हुदै मुम्बई गएर आए । यसरी एक महिनामै नेपालका तीन जना पूर्व प्रधानमन्त्रीहरुको दिल्ली भ्रमणले उपचार कूटनीतिको बारेमा लेख्न निकै प्रेरित गऱ्यो । यी धमाधम भएका उपचार भ्रमणहरुले थुप्रै प्रश्नहरु र सशंयहरु जन्माएका थिए ।

जतिबेला ओली भारत विरोधी र उग्रराष्ट्रवादी नाराका साथ सत्तारोहण भएको थियो । दुई तिहाइको सरकार बन्ने तरखरमा उनी उपचारको लागि सिगांपुर हानिए र त्यहाँ उनले भारतीय गुप्तचर, कूटनीतिज्ञहरुसँग सघन भेटघाट गरे (स्रोतः भीम रावल, कान्तिपुर दैनिक माघ ८, २०७७) । सम्भवतः उनले आफ्नो नेतृत्वमा बन्न लागेको आसन्न सरकारलाई सहयोग गरि दिन आग्रह गरेका थिए ।

नेपालमा यस प्रकारका उपचार कूटनीति अपनाएको अहिले मात्रै होइन । यसको लामो परम्परा नै बसालिएको छ । प्रधानमन्त्री भइसकेका व्यक्तिहरुका यस्ता गतिविधिहरुले देशभित्र या त गतिलो उपचार प्रणाली र संस्थाहरु छैनन् वा त्यसप्रति उनीहरुको सामान्य विश्वासै छैन । अथवा उपचार, 'पशुपतिको जात्रा सिद्राको व्यापार' जस्तै हो । राज्यकै कार्यकारी प्रमुखहरुका यस्ता लावालस्करले सर्वसाधारणमा पनि आफनो देशको उपचार प्रणाली र संस्थाहरुप्रतिको साखमा विश्वास कमजोर बनाउँदै लगेको छ ।

> नेपालमा प्रयोग हुने बहुचर्चित उपचार कूटनीति यहाँको सत्ता समीकरण, शक्ति सन्तुलन र दलीय होडबाजीमा यसको प्रत्यक्ष प्रभाव रहँदै आएको छ । यहाँको राजनीतिमा अनिश्चितता, अस्थिरता र तरल अवस्थामा यस्ता भ्रमणहरु भारततर्फ बाक्लो हुने गरेको छ । सामान्यतः नागरिकस्तरमा यस्ता अवाञ्छित लाग्ने किसिमका भ्रमणहरुबारे नकारात्मक धारणा र रोष पाइन्छ ।

### सामान्य तर, गम्भीर अर्थ

कूटनीति आफैँमा कलात्मक अभिव्यक्ति हुन् । कूटनीतिमा सोझो र प्रष्ट संवाद गरिँदैन । कतिपय सांकेतिक र घुमाउरो, बिम्बात्मक शैलीको प्रचुर प्रयोग गरिन्छन् । कूटनीतिमा बसाइ, हिँडाइ, उठाइ, रङ्ग-ढङ्ग सबैको उतिकै महत्व रहन्छ । यसमा बोली, लोली, स्वरको मात्रा, कपडा पहिरन र मुहार अभिव्यक्ति(फेसियल एक्स्प्रेषण) आदि सबैको उतिकै अर्थपूर्ण स्थान रहने गर्छ । जसरी कूटनीतिमा सबै स-सानो कुराहरुको गम्भीर अर्थ र महत्व रहन्छ । सामान्यभन्दा सामान्य लाग्ने व्यवहारहरु कूटनीतिमा गहिरो अर्थबोधक र सन्देशमूलक हुन्छन् ।



नेपालमा प्रयोग हुने बहुचर्चित उपचार कूटनीति यहाँको सत्ता समीकरण, शक्ति सन्तुलन र दलीय होडबाजीमा यसको प्रत्यक्ष प्रभाव रहँदै आएको छ । यहाँको राजनीतिमा अनिश्चितता, अस्थिरता र तरल अवस्थामा यस्ता भ्रमणहरु भारततर्फ बाक्लो हुने गरेको छ । सामान्यतः नागरिकस्तरमा यस्ता अवाञ्छित लाग्ने किसिमका भ्रमणहरुबारे नकारात्मक धारणा र रोष पाइन्छ । संसद विटघन र पुनःस्थापना पश्चात्को नेपाल कता जाने हो ? राजनीतिले कुन दिशा वा बाटो तय गर्ला ? सविंधानकै भविष्य के हुने हो ? सघींय लोकतान्त्रिक गणतन्त्रको हालत के हन्छ ? सविंधानले परिकल्पना गरेको समावेशी लोकतन्त्रको अवस्था के होला ? जस्ता अहम् प्रश्नहरुले आम नेपालीजन चिन्तित रहेका बेलामा भइरहेका उपचार कुटनीतिले फेरि के खिचडी पाक्दैछ ? भन्ने आशंकाहरु उत्पन्न भएका थिए र छन् ।

### स्वास्थ्य कूटनीति अस्वस्थ भेटघाट

हुन त व्यक्तिको उपचार र स्वास्थ्यको लागि विश्वका जुनसुकै कुनामा गएर उपचार गराउन पाउनु पर्दछ । देशभित्र उपलब्ध नभएका उपचार, प्रविधि र जनशक्तिद्धारा स्वास्थ्यलाभ लिन कुनै बन्देज वा नाजायज रोकावट हुन आवश्यक छैन । उपचारको लागि जहाँ जसलाई सुलभ र सजिलो हुन्छ, त्यहाँ जान पाउनु पर्दछ । उपचार पाउनु व्यक्तिको नैसर्गिक र मानव अधिकारभित्र पर्दछ । तर उक्त उपचार भ्रमणमा जाने पूर्व र हुनेवाला प्रधानमन्त्री र राष्ट्रप्रमुखहरुले सो देशमा रहदा को-कोलाई भेटे ? किन भेटे ? भेटघाटमा के-के संवादहरु भए ? त्यो राष्ट, नागरिकलाई र परराष्ट्र मन्त्रालयलाई जानकारी हुन आवश्यक छ ।

ओलीको संसद विघटनको निर्णय आएसँगै राष्ट्रिय राजनीतिमा आएको अस्थिरता र अनिश्चयताको भुमरीमा आफनो मुभ तय गर्न र भारतीय धारणा बुझेर लबि गर्ने सिलसिलामा प्रचण्डको आकष्मिक मुम्बई भ्रमण तय भएको थियो भन्ने आशंका गरिएको थियो । प्रचण्डले श्रीमतीको उपचार कूटनीतिलाई प्रयोग गरी दिल्लीसम्म जाने काम गरे । दिल्लीमा उनले को-कोलाई, किन भेटे ? त्यो अझै सार्वजनिक भएको छैन । त्यो भेटमा के-के संवाद भए ? त्यो पनि गुपचुप नै छ । जेएन खनालको पनि केही सार्वजनिक भएको छैन । बाबुराम भट्टराईले क-कसलाई दर्शन भेट गरे ? उनको भेटमा के कस्ता संवादहरु भए ? अथवा उपचारको लागि गएका उनले उपचारबाहेक अरु काम गरे कि गरेनन् ? उनले आफू धेरैवर्ष अगाडि चण्डीगढ र दिल्लीमा अध्ययन गर्ने बेलाका आफ्नो सहपाठीहरुसित भेटघाट गरेको उनले आफ्नो सामाजिक सञ्जालबाट सार्वजनिक गरे, कतिपय गरेनन् पनि होला ! उनै जानून् । पूर्व कार्यकारी र सम्भावित कार्यकारीहरुको उपचारको नाममा गरिने महत्वपूर्ण भ्रमण र त्यहि सिलसिलामा गरिने देशको भविष्यमा दूरगामी प्रभाव राख्ने संवाद, पर्दापछाडिका सहमतिबारे बेखबर रहने परिपाटी सदैव हुनु मुलुकको लागि कति हितकर छ ? त्यसको चर्चा गरिनु आवश्यक छ ।

### उपचार खर्च व्यवस्थापन

त्यसरी विदेशस्थिति महंगा अस्पतालहरुमा उपचार गर्दा हाम्रा नेताहरुको खर्च कसले, कसरी व्यवस्थापन हुन्छ ? त्यो पनि आम नागरिकको चासोको विषय रहने गरेको छ । आफैं वा कतैबाट उपचार खर्च व्यहोर्ने हो भने त्यसको स्रोत के हो ? गरिब देशका नेताहरुको महंगो उपचार खर्च राज्यले नै व्यहोर्ने, नेताहरुले राज्यको प्रत्यक्ष ढुकुटीबाट उपचारार्थ सहयोग पनि अचाक्ली प्राप्त गरेको विवरण बेला-बेलामा सार्वजनिकसमेत भएका छन् । निर्वतमान प्रम केपी ओलीको प्रथम मृगौला प्रत्यारोपण दिल्लीमा गर्दा उनको उपचार खर्च अन्त कतै अपारदर्शी स्रोतबाट जोहो गरेको चर्चा त्यतिबेला थियो । उपचारको लागि गएका नेताहरुका खर्च कसले, कति र कसरी व्यवस्थापन हुन्छ, अझै स्पष्ट हुन सकेको छैन । त्यसरी खर्चको जोहोबारेको रहस्य सार्वजनिक नहुनुले कतै नेताहरुले व्यक्तिगत हितको लागि राष्ट्रिय हितको सौदाबाजी त गरेनन् वा गर्दैनन् ? यस्ता आशंकाहरु जनमानसमा प्रशस्त पाइने गरेको छ ।

### सबल स्वास्थ्य प्रणाली

नेपालमा पछिल्लो पटक निर्वतमान प्रम ओलीको मृगौला प्रत्यारोपणले यहाँ पनि राम्रो स्वास्थ्य उपचारको व्यवस्था भएको पुष्टि नै भएको छ । त्यसैगरी, बाबुराम भट्टराईले पनि यहि उपचार गराए, त्यो कोभिडले दिल्ली नै संकटमा भएको कारणले जान नसकेर हो वा अन्य कारणले त्यो पनि उनैले जान्ने कुरा हुन् । यद्यपी उनी पनि उपचारको नाममा गरिने कुटनीतिक/राजनीतिक भ्रमण गर्ने नेताको रुपमा चर्चित छ । उनको उपचारले विश्वमा भएका ताजा प्रविधि यहाँ उपलब्ध रहेको र हाम्रा जनशक्ति पनि कमजोर नभएको समेत थाहा भएको छ । तैपनि नेपालमा सबल स्वास्थ्य प्रणालीको विकास हुन सकेको छैन ।

डा.गोविन्द केसीले त्यसको लागि अनवरत अनशन र आन्दोलन गर्दै आएको छ । कतिपय अवस्थामा उपचारको लागि घरिघरि देशबाहिर गइरहनु पर्ने (अन्य कारणले पनि हुन सक्छ) परि स्थितिमा यहि राम्रो उपचारको व्यवस्था भएमा बाहिर गएर गरिने महंगो उपचारमाथि प्रश्न उठ्ने भएकोले यहाँको दूरावस्थालाई आँखा चिम्लिने र बेवास्ता गरिदिने प्रवृत्तिले घर गरेको देखिन्छ । यहाँ संस्था र संरचना, प्रणाली सबल बनाउने उद्धेश्य लिनु भन्दा यस्तै गोन्जागोल वातावरणमा फाइदा उठाउन सकिन्छ भन्ने मानसिकताले काम गरेको हुन सक्छ, नेपालमा स्वास्थ्य सेवाको गुणस्तर बृद्धि नहुनुमा !

### उपचार कूटनीतिको प्रयोग

नेपालमा उपचार कूटनीतिको भद्या प्रयोग देशका प्रमुख नेताहरु, पूर्व प्रमहरु सबैले सकेको जति सदुपयोग वा दुरुपयोग गर्दै आएका छन् । देशभित्रको राजनीतिक माहौल तलमाथि भएपछि त्यसको समीकरण मिलाउन, शक्ति आर्जन गर्न र आफनो स्वार्थको लबि गर्न प्रयोग गरिने उपचार कूटनीतिबारेमा हामी कति सचेत भएका छौं ? सम्बन्धित देशमा भएका(दिल्लीस्थित) दूतावासहरु यसमा कति अपडेट छन् ? परराष्ट्र मन्त्रालय कति चनाखो र जानकार छ ? राष्ट्रकै नेतृत्व गरिसकेका व्यक्तित्वहरु नै उपचारको नाममा उच्चस्तरको राजनीतिक भ्रमण पटक-पटक गरिनुले देशवासीको शिर दुई तरिकाले निहुराएका छन् । एक, देशभित्रको स्वास्थ्य संस्थालाई विश्वास नगरिनु र सबल उपचार प्रणालीको विकास नगर्नुले । दोस्रो, देशभित्रको राजनीतिक उपचार बाहिरबाट खोजिनुले ।

सदैव आफ्नो स्वार्थको लागि मुलुकमा अस्थिरता मच्चाइ रहने, मिलेर काम गर्न नसक्ने अनि उपचारको नाममा गरिने यस्ता भ्रमणले मुलुकलाई गुमराहमा राखेर भएका कूटनीतिक भेटघाटलाई हाम्रो राष्ट्रिय राजनीतिक मुद्धाहरुमा कमजोर र आश्रित निर्णय क्षमताको परिचय गराउँछ । हाम्रो निर्णय गर्न सक्ने क्षमतामा ह्रास आएको परिदृश्यमा यस्ता उपचार भ्रमणलाई कसरी उचित मान्न सकिएला ? अहिले भइरहेका उपचार कूटनीतिको राष्ट्रिय राजनीतिको सन्दर्भमा लेखाजोखा गरिनु जरुरी छ । हुन त जुन देशका प्रधानमन्त्री अर्को देशको जासुस विभाग प्रमुखसित नीजि निवासमा मध्यरातमा गोप्य भेटघाट गर्छ र त्यसमा कोही परराष्ट्रका प्रतिनिधिसमेत राख्दैन, आपसी के संवाद वा सहमति भयो ? त्यसबारे राष्ट्र र नागरिकलाई यतिका महिनासम्म केही जानकारी गराउँदैन भने त्यहाँ प्रणाली(सिस्टम)को कुरा गर्नु पनि बेकार हो । जो घरमुली नै घरको अनुशासन, मर्यादा र संस्कार बिगार्न लागेपछि अरुलाई मात्रै प्रश्न तेर्स्याउनुको के अर्थ रहन्छ र !

# यौन उन्मादी भाइरसहरु नै औषधिहरु थिए

यौन र धन उन्मादी भोगबिलासीलाई विभिन्न जैविक र रसायन खानपिन खुवाई यस रोगको उत्पति र विकास भएको सम्बन्धमा व्यापक अनुसन्धान र पहिचान गर्ने प्राकृतिक विज्ञहरुको पनि खाँचो छ । यौन र धन उन्मादीबाट उत्पादित र विकसित भएका ६४ प्रकारका फरक-फरक रोगहरु पनि पहिचान गर्ने विज्ञहरुको खाँचो महशुस गरिएको छ ।



● उद्धवप्रसाद गौतम

धन र यौन उन्मादी भ्रष्ट पापीहरुले पालेका छुवाछुत गरेका पशुपंक्षी मात्र विभिन्न रोगले संक्रमित हुन्छन । तर जंगली पशुपंक्षी जनावरलाई कुनै पनि रोगहरुका भाईरसहरुले संक्रमण गर्ने छैन । उनीहरुको शरीरका सबै प्रणाली ईश्वरीय ज्ञानेन्द्रिय, पञ्चतत्व र सप्त धातुहरु पनि शुद्ध पबित्र प्राकृतिक र निरोगी हुन्छन् । पशुपंक्षी जनावरको यौन अंग, पाठेघर तथा मलद्धार सम्बन्धी रोगहरु बाँचेसम्म लाग्ने छैन । यौन उन्मादी भोगबिलासी युवा युवती, महिला पुरुषमा मात्र यौनाङ्ग र मलद्धार रोगहरु बेश्यागमन यौन दुराचार भाईरसले उत्पन्न हुने प्राकृतिक र जीव विकास सिद्धान्तहरु छन् । यस्तै गरी सदाचारी पवित्र पशुपंक्षी जनावरलाई आँखा, नाक, कान, घाँटी, फोक्सो, दाँत, मुख, श्वासप्रश्वास, मुटु, मृगौला, नसा, जोर्नी, पेट सम्बन्धी रोगका भाईरसहरुले संक्रमण गर्ने छैनन । यौन उन्मादी र भ्रष्ट धन उन्मादी पापीहरुले छुवाछुत गरेका र पालेका पशुपंक्षीमा भने मानिसका भाईरसहरुले संक्रमण गरी रोगी बनाउने प्राकृतिक मान्यताहरु छन् । यसैले यूरोप अमेरीकी देशका गाई, भैंसी, भेडा, बाख्रा, खसी, बोका, सुंगुर पशुपंक्षी फर्महरु र गोठहरुमा बाहिरी मानिस प्रवेश र छुवाछुत प्रतिबन्ध छ ।

पौराणिक युगहरुमा यौन उन्मादी वेश्यागामी भ्रष्टहरु भोगबिलासी युवायुवती महिला पुरुषमा उत्पन्न र विकास भएका विभिन्न रोगका जिवाणु किटाणु भाईरसहरुको औषधी उपचारको लागी यौन उनमादी वेश्यागामी तथा भोगबिलासीका रगत मासु अंगहरुको प्रयोग र उपयोग गर्ने गरेको शास्त्रहरुमा उल्लेख छन् । यसैलाई मानव बली प्रथा पनि भनिएको छ । सर्पको बिषहरुको बिषादी फाल्न हटाउने उपचारमा सर्पकै बिषहरु निकाली रसायन जैविक र तान्त्रिक तरिकाले खोप विकास गरेको हो । यस्तै जे जो कारणले जुन जुन भाईरस उत्पन्न र विकास भएका छन् ति सबै रोगका उपचार र औषधी पनि उत्पन्न कारक तत्वमा भर पर्ने मान्यताहरु छन् । यौनजन्य रोगहरु पनि जुन जुन युवा युवती महिला पुरुषबाट उत्पन्न भएका छन् तिनीहरुकै रगत मासु र अंगहरुलाई यौन रोगका भाईरसहरु नास गर्न मार्ने प्रयोग गरेका प्राचिन पद्दतिहरु र औषध उपचार नियमहरु अहिले प्रतिबन्ध छन् । देवी भागवत र चण्डी शास्त्रमा महिलाले आफ्नो शरीरका रोगहरु नास गरी आफू निरोगी र शक्तिशाली बन्नको लागी विभिन्न प्रकारका फरक फरक यौन उन्मादी बेश्यागामी बलात्कारी दैत्य राक्षसहरु, सुक्ष्म निसुम्भ असुरहरु मारेर रगत मासु खाएका प्राचिन ग्रन्थहरुमा उल्लेख छन् । तसर्थ अहिले विश्वब्यापी महामारी रुपमा देखिएको कोरोना भाईरस रोगको औषधी उपचारहरुको लागी विभिन्न प्रकारका यौन उन्मादी बेश्यागामी दूराचारी भ्रष्ट भोगबिलासी महिला पुरुषका शरीरका तत्वहरु झिकी निकाली खोपहरु औषधी विकास गर्न पर्ने केही प्राकृतिक विज्ञ र परम्परागत चिकित्सकहरुका तर्कहरु छन् ।

यौन र धन उन्मादी भोगबिलासीलाई विभिन्न जैविक र रसायन खानपिन खुवाई यस रोगको उत्पत्ति र विकास भएको सम्बन्धमा व्यापक अनुसन्धान र पहिचान गर्ने प्राकृतिक विज्ञहरुको पनि खाँचो छ । यौन र धन उन्मादीबाट उत्पादित र बिकसित भएका ६४ प्रकारका फरक-फरक रोगहरु पनि पहिचान गर्ने विज्ञहरुको खाँचो महशुस गरिएको छ । पवित्र सदाचारी प्राकृतिक युवायुवती महिला पुरुषलाई भने कुनै पनि रोगका भाईरसले संक्रमण गर्ने छैनन् । संसारमा सबै प्रकारका रोगहरुका भाईरसहरु उत्पत्ति र विकासमा स्रोतहरु १०८ (एक सय आठ) प्रकारका भ्रष्टाचारी ६४ प्रकारका यौन उन्मादी वेश्यागामी दूराचारी नै भएको प्रष्ट छ । सबै प्रकारका बाहिरी हिंसा आतंक, अराजकता, शोषण, अन्याय, अत्याचार, मानवता बिरोधी कार्य र क्रियाकलापका स्रोत पनि यीनै हुन्छन् । धन र यौन आतंकबाद उन्मूलनबिना शान्ति, न्याय, समानता, परोपकार, सेवा, मानवता संभव देखिन्न ।

पूर्विय दर्शनशास्त्रहरु तथा पश्चिमी प्राकृतिक आदिबासीका संस्कार संस्कृति सभ्यताहरु अनुसार यौन उन्मादी वेश्यागामी भोगबिलासी भ्रष्टहरुको शरीरमा रसायन तान्त्रिक बिधीबाट खानापिना खुवाई उत्पन्न र बिकसित कोरोना भाईरस रोगलगायत ६४ प्रकारका धन र यौन उन्मादीलाई लाग्ने रोगहरुको औषधी उपचारको लागी यौन उन्मादी वेश्यागामीका शरीरका भाईरस तत्वहरु झिकी निकाली खोपहरु विकास गरेमा सफल हुने केही परम्परागत धार्मिक तथा प्राकृतिक शास्त्रीहरुको दाबी छ । यस सम्बन्धमा सबैभन्दा बढी धेरै प्रकारका धेरै पुरुष महिला युवायुवतीबीच मैथुन वेश्यागमन दूराचार व्यभिचार सिंगार पेटार गर्ने, तामसी खानपान गर्ने भोगबिलासीहरुको खोजी परिक्षण र पहिचान गर्ने कार्यमा विश्वका चिकित्साशास्त्रीहरु सक्रिय हुन पर्ने पनि प्राकृतिकबिद तथा मानव विकास ज्ञाताहरुको दावी रहेको छ । कोरोना भाईरस रोगको खोप औषधीको लागी पुरुष वेश्याहरुलाई घोडी पोथी खच्चड र महिला बेश्यालाई कुकुर स्यालसँग १०८ (एक सय आठ) पटक मैथुन गराई संयोजन मिलनबाट उत्पन्न शरीरका तत्वहरु रसहरु निकाली खोप औषधीहरु बनाउन सकिने दाबी पनि प्राकृतिक विज्ञहरुको छ ।

# इराकमा बम विस्फोट २८ जनाको मृत्यु



काठमाडौं/एजेन्सी- इराकको राजधानी बगदादको एक बजारमा सोमबार भएको एक बम विस्फोटमा कम्तीमा २८ जना मारिएका छन् भने ६४ जना घाइते भएका छन्। यो विस्फोटमा ज्यान गुमाउने र घाइते हुनेहरु धेरैजसो बजारमा इदको किनमेल गर्न गएका थिए। यो बगदादमा पछिल्लो ६ महिनामा भएको सबैभन्दा भयानक बम विस्फोट हो।

व्यस्त अल-वुहालियत बजारमा यो विस्फोट एक डिभाइसमार्फत् गरियो। हमलाको जिम्मेवारी इस्लामी आतंकी संगठन इस्लामिक स्टेट समूह (आइएस) ले लिएको छ। आइएसले आफ्नै एक सदस्यले विस्फोट गराउने डिभाइस उडाएको बताएको छ।

इराकको सरकारले सन् २०१७ को अन्त्यमा सुन्नी मुसलमान जिहादी समूह आइएसविरुद्ध आफ्नो जीतको घोषणा गरेको थियो। यद्यपि, त्यसपछि पनि इराकमा आइएसको स्लीपर सेल लगातार सक्रिय छ।

यसअघि अप्रिलमा एक बजारमा कारभित्र बम विस्फोट गराइएको थियो जसमा चारजना मारिएका थिए। आइएसले यो हमलाको जिम्मेवारी लिएको थियो। बगदादको जुन इलाकामा यो विस्फोट भएको छ, त्यहाँ धेरैजसो शिया मुसलमान बस्छन्।

समाचार एजेन्सी रोयटर्सको स्रोतले बताए अनुसार विस्फोटमा मारिनेमा महिला र बालबालिका पनि समावेश थिए। विस्फोटपछि केही पसलमा आगलागी पनि गरिएको थियो।

इराकी सेनाका एक प्रवक्ताले दिएको जानकारी अनुसार मुस्तफा अल-कदीमीले बजारको सुरक्षाका लागि जिम्मेवार प्रहरी इन्चार्जको गिरफ्तारीको आदेश दिएका छन्। प्रधानमन्त्री मुस्ताफाले सुरक्षा र गुप्तचर निकायका अधिकारीहरुसँग यस भीषण आक्रमणको विषयमा छलफल शुरु गरेको सरकारी अधिकारीले जारी गरेको विज्ञप्तिमा जनाइएको छ। जारी विज्ञप्तिमा मुस्ताफाले आक्रमणका पीडित परिवारलाई सहयोग गर्ने र आतंककारीहरूको खोजी गर्ने वाचा गरेका छन्। इराकी राष्ट्रपति बारहम सलिहले एउटा ट्वीटमार्फत ईद अल-अधाको पूर्वसन्ध्या भएको यस घटनालाई एउटा जघन्य अपराध र क्रूरताको संज्ञा दिएका छन्। घटनाबारे अनुसन्धान शुरु भइसकेको प्रहरीले जनाएको छ।

# भारतमा थप ३० हजार ९३ नयाँ संक्रमित

**काठमाडौं/एजेन्सी-** भारतमा कोरोनाभाइरसबाट नयाँ ३० हजार ९३ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार जानकारी दिएको छ। सोमबार भएको सङ्क्रमितको यो संख्या गएको १२५ दिनमा सब भन्दा कम भएको बताइएको छ। भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ११ लाख ७४ हजार भन्दा बढी पुगेको छ। भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या चार लाख ६ हजार १३० रहेको अधिकारीले जनाएका छन्। पछिल्लो एक दिनमा कोरोनाभाइरसका कारण थप ३७४ जनाको मृत्यु भएको पनि मन्त्रालयले मंगलबार जानकारी दिएको छ। कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १४ हजार ४८२ पुगेको पनि सो मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा ४५ हजार २५४ कोरोना मुक्त भएपछि भारतमा तीन करोड ३ लाख ५३ हजार ७१० व्यक्ति कोरोना मुक्त भएका छन्। भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ७३ लाख ४१ हजार १३३ जनाको स्वाब परीक्षण गरिएको छ। ती मध्ये १७ लाख ९२ हजार ३३६ जनाको स्वाब परीक्षण जुलाई १९ का दिन भएको छ।

त्यसैगरी गत जनवरी १६ बाट भारतमा कोरोना भाइरस विरुद्ध खोप अभियान शुरु भएको थियो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०४/०५**

यस कम्पनीको मिति २०७८/०३/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **फल्स सिलीङ्ग हाउस एण्ड मोर प्रा.लि. (प्रा.लि. दर्ता नं.११०४९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फल्स सिलीङ्ग हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/०६

यस कम्पनीको मिति २०७७/०४/०३ मा सम्पन्न विषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बास आउटसोर्सिङ प्रा.लि. (प्रा.लि. नं. १७१०६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बास कन्सलटिङ्ग ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/०३/०३ मा दर्ता भएको **प्रा.लि. नं. २३७१५०** को **यन्सुमा फेशन स्टोर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।


## कतारमा रोजगार | कम्पनी : QATAR STAR SERVICE L L C — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०२९० | LT. No.: 242931

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 75 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीबाट Heavy Driver (Nepali License Holder), Waiter, Waitress, Asian Cook, Asst. Cook, Asst. Arabic Cook, Camp Boss, Office Girl/Boy, Cleaning Supervisor, Room Boy, Cleaner Male/Female, Kitchen/ Laundry Technician, Chapati Maker, Cashier (M/F), Services Crew, Catering Supervisor, Dispatch Worker, Welfare Officer र Commis I, II, III हरुको पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
गोंगबु, काठमाडौं, नेपाल, फोन नं. ०१-४९०४२८८, ४९०४५२२, ४९०३६४१
मो.: ९८५११८०९५४, ९८५१००२९७६, ९८५१०४०९६०, ९८५११९३४४९
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## कतारमा वैदेशिक रोजगार | कम्पनी : IND PHIL CONSTRUCTION COMPANY — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/११/२१ | चलानी नं.: ६०१५५०३५ | LT. No.: 236704 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PLUMBER | 1 | 0 | स. काममा दक्ष | 1100 | ३५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
9801358369/ 9855058369 Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com



## कतारमा रोजगारको अवसर | कम्पनी: MECYAAN FOOD CATERING — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०३६२ | L.T. No.: 242565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooker | 2 | 0 | | 1800 | ५८,०५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१



## कतारमा रोजगारको अवसर | १. कम्पनी : INTEGRATED GROUP CAFETERIA — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०३६६ | LT. No.: 242924

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1600 | ५१,६०० | | | | | | | |

२. कम्पनी : INTEGRATED SECURITY SYSTEMS — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०३६७ | LT. No.: 242923

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## Bahrain मा रोजगार | Mirza Al Helli And Sons B.S.C.. Closed

पुन: विज्ञापन। पूर्व स्वीकृती मिति: २०७७/११/१९ | चलानी नं.:६०१५४९४६ | LT No.:236167

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Workers | 50 | [illegible] | 100 | ३१,७१६/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaners | 20 | | 100 | ३०,७१६/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ साउन १३ गते (Jul. 28, 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**मा पद्मा प्लेसमेन्ट प्रा. लि.** श्रम इजाजत नं.: [illegible]
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं. : ४३५४९६०, ४३५४९०६



## कतारमा रोजगार | कम्पनी: UNIVERSAL BUSINESS LIMITED — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/04/05 | चलानी नं.: ६०१६०३६५ | LT. No.: 242414

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. [illegible]
बसुन्धारा-३, काठमाडौं ०१-४३६४८६४, ४३८१९४८, ४३६३१०३
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com



## Qatar मा रोजगार | कम्पनी: DOHA MARKETS ENTERPRISES WLL — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०३५५ | L.T. No.: 242587

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७८०, फ्याक्स: ४३८७३९, मो: [illegible], E-mail : alsahelimanpower2010@gmail.com



## कतारमा रोजगार | कम्पनी: GULF WAREHOUSING COMPANY — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१२ | चलानी नं.: ६०१५६१३१ | LT. No.: 237776 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 8 | 0 | | 1750 | ५६,४३८ | | | | | | | |
| 3. | Technician | 17 | 0 | | 1100 | ३५,४७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १३ गते (28 July 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**डायना ओभरसिज प्रा. लि.**
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



## साउदीमा रोजगार | १. कम्पनी : TABA TWO COMMERCIAL CORPORATION — शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०४०४ | LT. No.:242897

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
